प्रदेश सरकार
लुम्बिनी प्रदेश

# आर्थिक मामिला तथा सहकारी मन्त्रालय

मुकाम: बुटवल, नेपाल

☏: ०७१-५४००२९
०७१-५५०००३
०७१-५५००६३

पत्र संख्या : सहकारी/०७८।७९
चलानी नं. :

## एक स्थानीय तह एक सामूहिक उद्यम सञ्चालन गर्न ईच्छुक सहकारी संस्थाहरुबाट प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/११/२४

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सञ्चालन अन्तर्गत सामूहिक उद्यम स्थापना, सञ्चालन र व्यवस्थापन गर्न ईच्छुक लुम्बिनी प्रदेश स्तरको कार्यक्षेत्र भएका सहकारी संस्थाहरु मध्य एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ बमोजिमको मापदण्ड पुगेका सहकारी संस्थाले दफा १० अनुसारको कागजात संलग्न राखी सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र यस मन्त्रालय वा सहकारी प्रशिक्षालय नेपालगञ्ज बाँके वा घरेलु तथा साना उद्योग कार्यालय दाङमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण **"एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि,२०७८"** बमोजिम हुने र सो को विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृति मितिः-२०७८/११/१५

# एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना:** प्रदेशमा सहकारी संस्था मार्फत एक स्थानीय तह एक सामूहिक उद्यम स्थापना तथा विकास गरी स्थानीय स्रोत साधन तथा कच्चा पदार्थमा आधारित वस्तु उत्पादन मार्फत उद्यमशीलता विकास, रोजगारी सिर्जना तथा आर्थिक क्रियाकलापलाई प्रवर्द्धन गर्न मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रमलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी रुपमा सञ्चालन तथा कार्यान्वयन गर्न वाञ्छनीय भएकाले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले मन्त्रालयले एक स्थानीय तह एक सामूहिक उद्यमको स्थापना तथा सञ्चालन गर्न छनौंट भएका अनुदानग्राहीलाई प्रदान गरिने रकम सम्झनु पर्छ।

(ख) "अनुदानग्राही" भन्नाले एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सञ्चालन गर्न छनौंट भएका सहकारी संस्थालाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले एक स्थानीय तह एक सामूहिक उद्यम सञ्चालन कार्यक्रम तथा सोसँग सम्बन्धित क्रियाकलापलाई सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले एक स्थानीय तह एक सामूहिक उद्यम कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्छ

(ङ) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालय सम्झनु पर्छ।

(छ) "महाशाखा" भन्नाले मन्त्रालयको सहकारी विकास महाशाखा सम्झनु पर्छ।

(ज) "स्थानीय तह" भन्नाले प्रदेशका नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

(झ) "सामूहिक उद्यम" भन्नाले सहकारी संस्थाद्वारा स्थानीय स्रोत साधन तथा कच्चा पदार्थमा आधारित वस्तु उत्पादन गर्न सञ्चालन गरिने कम्तीमा ३५ सदस्य रहेको उत्पादनमूलक लघु, घरेलु तथा साना उद्योगका आधारित उद्यम सम्झनु पर्छ।

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. कार्यक्रमका उद्देश्यः** यस कार्यविधि बमोजिम सञ्चालन गरिने कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) सहकारी मार्फत सामूहिक उद्यमको विकास गर्न उत्प्रेरित तथा प्रवर्द्धन गर्ने,

(ख) उद्यम विकासबाट स्थानीय कच्चा पदार्थको सदुपयोग गरी वस्तु उत्पादन गरी व्यवसायिक आर्थिक क्रियाकलापमा जोड दिने,

(ग) उद्यम विकास मार्फत स्थानीय रुपमा रोगजारी तथा स्वरोजगारीमा सहयोग पुऱ्याउने,

(घ) सहकारी संस्थाहरुमा व्यवसायिकताको विकास गर्ने,

(ङ) उद्यम विकास मार्फत स्थानीय तथा स्वदेशी उत्पादित वस्तुको उत्पादन प्रवर्द्धन गरी आयात प्रतिस्थापन गर्ने।

**४. सामूहिक उद्यम स्थापनाका लागि स्थानीय तहको छनौंटः** (१) प्रदेश सरकारको स्वीकृत वार्षिक बजेटका आधारमा सहकारीमा आधारित सामूहिक उद्यम कार्यक्रम सञ्चालनका लागि निर्देशक समितिले प्रदेशका जिल्ला तथा स्थानीय तह छनौंट गर्नेछ।

**५. सामूहिक उद्यमका प्रकृतिः** यस कार्यविधि बमोजिम सञ्चालन गरिने सामूहिक उद्यम कार्यक्रम अन्तर्गत देहायका प्रकृतिका उद्यम सञ्चालन गर्न सकिनेछः-

(क) प्राकृतिक स्रोत, माटो, पानी, खानीजन्य स्रोतमा आधारित,

(ख) वन पैदावार, जडिबुटी र स्याउला पत्करमा आधारित,

(ग) बेत, बाँस, जरा, ठूटा, पात, प्राकृतिक रेशामा आधारित,

(घ) कपडा, मैन, साबुन, धुप, अगरबत्ती, सैम्फू, गाजल, टिका, माला, चुरा सामग्री उत्पादनमा आधारित,

(ङ) पशु उत्पादनसँग सम्बन्धित डेरी, रौं तथा प्वाँख प्रशोधन, मासु, प्राङ्गारिक मल, हाडखोर र छालामा आधारित,

(च) फोटोफ्रेम, सीसा, धातु, तामा, फलाम र पित्तलका भाँडाकुडा उत्पादन गर्ने, कवाडी र पुराना वस्तु सङ्कलन एवम् प्रशोधनमा आधारित,

(छ) गरगहना, घरायसी औजार उत्पादनमा आधारित,

(ज) हलो, जुवा, हरिश, कुटो, दाँते, फाली, कोदालो, सावेल जस्ता कृषि उत्पादनमा उपयोग हुने औजारको उत्पादनमा आधारित,

(झ) गुन्द्रुक, अचार, घट्ट, खाद्य मिलमा आधारित,

(ञ) कृषि र खाद्यवस्तुको प्रशोधन तथा विविधिकरण, उत्पादन तथा स्वाद गुणस्तर वृद्धि गर्ने, मिश्रण र प्याकेजिङ्ग तथा बजारीकरणमा आधारित,

(ट) ग्रामिण पर्या-पर्यटन प्रवर्द्धन सम्बन्धी,

(ठ) फोहोरजन्य पदार्थ प्रशोधन गरी मल, इन्धन तथा अन्य बस्तु उत्पादमा आधारित।

**६. <u>अनुदान सीमा तथा मापदण्डः</u>** (१) मन्त्रालयले सामूहिक उद्यम स्थापना तथा सञ्चालनका लागि छनौंट भएका सहकारी संस्थाले पेश गरेको लागतको आधारमा पचास प्रतिशतसम्म वा बढीमा रु. पन्ध्र लाखसम्म पहिलो वर्ष बीउँपूजीको रुपमा अनुदान प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सामूहित उद्यमलाई निरन्तरता प्रदान गर्न क्रमागत रुपमा तीन वर्षसम्मको लागि लागतको ५० प्रतिशत वा बढीमा रु.पैतालीस लाखसम्म (पहिलो वर्ष सहित) बीउपूँजी अनुदान उपलब्ध गराउन सक्नेछ।

**७. <u>अनुदान प्रदान गर्ने आधारः</u>** मन्त्रालयले अनुदान उपलब्ध गराउँदा अन्य कुराका अतिरिक्त देहायका विषयहरूलाई आधार लिनु पर्नेछः-

(क) स्थानीय स्रोत साधन र जनशक्तिको परिचालन,

(ख) स्थानीय कच्चा पदार्थको प्रयोग, प्रशोधन र स्थानीय उत्पादनको अधिकतम मूल्यलाई प्रश्रय दिने,

(ग) स्थानीयस्तरमा अत्याधिक माग रहेको वस्तुको कच्चा पदार्थ बाहिरबाट प्राप्त गरी प्रशोधन गरी अधिकतम मूल्य प्रदान गर्ने,

(घ) स्थानीय माग र आवश्यकताका आधारमा उद्योग स्थापना वा प्रवर्द्धन हुने,

(ङ) स्थापना गरिने लघु तथा घरेलु उद्योगमा आधारित स्थानीय कच्चा पदार्थ, बजार र जनशक्तिको उपयोगसँग समन्जस्यता कायम हुने,

(च) मोडेल (नमूना) लघु तथा घरेलु उद्योगको रूपमा प्रदर्शनस्थल योग्य हुन सक्ने,

(छ) उद्योग ग्रामभित्र स्थापना हुने लघु तथा घरेलु उद्यम,

**८. <u>अनुमति लिनुपर्नेः</u>** यस कार्यविधि बमोजिम सामूहिक उद्यम स्थापना तथा सञ्चालन गर्दा त्यस्तो उद्यमको लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट पूर्व स्वीकृति/अनुमति लिनुपर्ने भएमा सोको पूर्व स्वीकृति/अनुमति सम्बन्धित सहकारी संस्थाले लिनु पर्नेछ।

९. **<u>प्रस्ताव आव्हान गरिने:</u>** मन्त्रालयले सामूहिक उद्यम स्थापना तथा सञ्चालनका लागि निर्देशक समितिले छनौंट गरेका स्थानीय तहहरुबाट सहकारी संस्थालाई अलग-अलग प्रस्ताव पेश गर्न कम्तीमा एक्काईस दिनको म्याद दिई अनुसूची-१ बमोजिमको ढाँचामा प्रदेशका राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आव्हानको सूचना प्रकाशित गर्नेछ।

१०. **<u>प्रस्ताव पेश गर्नुपर्ने:</u>** (१) मन्त्रालयले प्रस्ताव आव्हानको सूचनामा तोकिएका शर्त र समयावधिभित्र सामूहिक उद्यम स्थापना तथा सञ्चालनका लागि योग्य सहकारी संस्थाले अनुसूची-४ बमोजिमको ढाँचामा व्यवसायिक कार्ययोजना सहितको खामबन्दी प्रस्ताव तयार गरी अनुसूची-२ बमोजिमको कागजात संलग्न राखी मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय/कार्यालयमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले तोकेका निकाय/कार्यालयमा पेश भएका प्रस्तावको त्यस्ता निकाय/कार्यालयले दर्ता पञ्जिका तयार गरी खाममा नै दर्ता नं. उल्लेख गरी प्रस्ताव पेश गर्ने अवधि समाप्त भएको मितिले सात दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा प्रस्ताव आव्हानको सूचनामा तोकिएका विषयको अतिरिक्त देहायका विषयहरुसँग सम्बन्धित कागजात पेश गर्नु पर्नेछः-

(क) प्रस्तावित सामूहिक उद्यमको नाम र ठेगाना,

(ख) सामूहिक उद्यमको सञ्चालकहरुको विवरण,

(ग) सामूहिक उद्यमको दर्ता विवरण, कार्य समिति, विनियमको प्रति, सञ्चालक समितिको निर्णय, नवीकरण गरिएको प्रमाण,

(घ) सामूहिक उद्यमको स्थापना सम्बन्धी भौतिक तथा प्राविधिक योजना,

(ङ) सामूहिक उद्यमको कम्तीमा ३ वर्षको व्यवसायिक योजना र आर्थिक प्रस्ताव,

(च) भौतिक संरचना, मेशिनरी औजार र कच्चा पदार्थ उपलब्धताको विवरण,

(छ) उत्पादन र भण्डारण क्षमता,

(ज) सामूहिक उद्यम सञ्चालन विधि,

(झ) बीमा सम्बन्धी व्यवस्था,

(ञ) लाभ लागत विश्लेषण तथा रोजगारीको सम्भाव्यता,

(ट) अनुसूची-५ को ढाँचामा प्रतिवद्धता-पत्र।

(ठ) प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन/परीक्षण गर्नुपर्ने भएमा सोको स्वीकृत प्रतिवेदन।

(४) सामूहिक उद्यम स्थापना तथा सञ्चालनका लागि प्रस्ताव पेश गर्ने सहकारी संस्थाको विनियममा व्यवसायिक उद्यम सञ्चालन वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

**११.** **प्रस्तावको प्रारम्भिक मूल्याङ्कनः** (१) मूल्याङ्कन समितिले सामूहिक उद्यम स्थापना तथा सञ्चालनका लागि प्राप्त प्रस्तावको प्रारम्भिक छनौंटका लागि मूल्याङ्कन गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक मूल्याङ्कन गर्दा अनुसूची-६ बमोजिमको ढाँचामा स्थलगत प्रमाणीकरण गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम मूल्याङ्कन समितिले स्थलगत प्रमाणीकरण गर्दा प्रस्ताव पेश गर्दा संलग्न गरिएको विवरण झुठो ठहरिए वा आवश्यक न्यूनतम योग्यता पूरा नगरेको एकीन भएमा त्यस्ता प्रस्ताव स्वतः रद्द गर्नेछ।

**१२.** **प्रस्तावको मूल्याङ्कनः** (१) मूल्याङ्कन समितिले प्रारम्भिक छनौंटमा परेका प्रस्तावहरुको अनुसूची-७ बमोजिमको मापदण्डको आधारमा मुल्याङ्कन गरी कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्नेछ र मूल्याङ्कन समिति समक्ष प्रस्तावहरु मूल्याङ्कनका लागि प्राप्त भएको मितिले पन्ध्र दिनभित्र मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(२) कार्यक्रम व्यवस्थापन समितिले प्रस्तावकको व्यवसायिक कार्ययोजना, संस्थाको लागत सक्षमता, कारोबारले समेट्ने क्षेत्र, भौगोलिक उपयुक्तता लगायतका विषयमा अध्ययन गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

(३) यस दफा बमोजिम छनौंटमा परेको सहकारी संस्थालाई आफूले पेश गरेको व्यवसायिक कार्ययोजनाको प्रस्तुतिको लागि कार्यक्रम व्यवस्थापन समिति वा मूल्याङ्कन समितिले आवश्यक ठानेमा बोलाउन सक्नेछ।

(४) मूल्याङ्कन समितिले प्रस्तावको मूल्याङ्कन गर्दा यस कार्यविधिमा उल्लिखित आधार तथा मापदण्डको अतिरिक्त प्रचलित कानूनमा भएका व्यवस्था समेतका आधारमा मूल्याङ्कन गर्न सक्नेछ।

(५) सामूहिक उद्यम सञ्चालन गर्ने सहकारी संस्था छनौंट गर्दा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था बाहेक विनियममा उद्यम गर्न सक्ने कार्यक्षेत्र उल्लेख भएको सहकारी संस्था छनौट गर्नु पर्नेछ।

**१३.** **प्रस्तावको स्वीकृतिः** (१) कार्यक्रम व्यवस्थापन समितिले उपयुक्तताको आधारमा सिफारिस गरेका प्रस्तावलाई निर्देशक समितिले स्वीकृति गर्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत प्रस्तावहरुको सूची मन्त्रालयको वेवसाइटमा प्रकाशन गर्नेछ।

(३) प्रस्ताव स्वीकृति सम्बन्धमा कुनै गुनासो भएमा उपदफा (२) बमोजिमको सूची प्रकाशन भएको मितिले सात दिनभित्र निर्देशक समिति समक्ष गुनासो पेश गर्न सकिनेछ।

१४.**<u>सम्झौता गर्नुपर्नेः</u>** (१) मन्त्रालयले निर्देशक समितिबाट स्वीकृत भएका प्रस्तावदाता सहकारी संस्थासँग सम्झौता गर्न सात दिनको समयावधि दिई सूचना दिनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र आउने प्रस्तावदाता संस्थासँग मन्त्रालयले अनुसूची-८ बमोजिमको ढाँचामा सम्झौता गर्नेछ र सम्झौंता गर्दा मन्त्रालयले आवश्यकतानुसार कार्यक्रमको प्रकृतिका आधारमा शर्तहरु तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र सम्झौता गर्न नआउने प्रस्तावदातासँग सम्झौता गरिने छैन र प्राथमिकताक्रममा रहेका अन्य प्रस्तावदातालाई उपदफा (१) बमोजिमको समय दिई सम्झौता गरिनेछ।

तर तोकिएको समयभित्र सम्झौता गर्न आउन नसक्ने कुनै काबु बाहिरको परिस्थिति सिर्जना भएको भनी मन्त्रालयमा पूर्व सूचना दिएमा निर्देशक समितिको लिखित निर्णयको आधारमा सम्झौता गर्न आउने अवधि थप गर्न सकिनेछ।

(४) मन्त्रालयले उपदफा (२) बमोजिम सम्झौता भएका संस्थालाई कार्यप्रारम्भ गर्न कार्यादेश दिनेछ।

१५.**<u>शर्तको पालना गर्नुपर्नेः</u>** सामूहिक उद्यम कार्यक्रम सञ्चालनका लागि छनौट भएका सहकारी संस्थाले सम्झौतामा उल्लिखित शर्तको अतिरिक्त देहाय बमोजिमका शर्तहरूको पालना गर्नु पर्नेछः-

(क) अनुदानको रकम सामूहिक उद्यमको भौतिक पूर्वाधार निर्माण, यन्त्र उपकरण खरिद तथा जडान, कच्चा पदार्थ खरिद र क्षमता विस्तारमा मात्र खर्च गर्ने,

(ख) कम्तीमा अनुदान रकमको ५० प्रतिशत रकम सहकारी संस्थाले लगानी गर्नुपर्ने,

(ग) प्रगति विवरण चौमासिक रूपमा महाशाखामा पेश गर्ने,

(घ) मन्त्रालयले दिएको सुझाव र निर्देशनलाई कार्यान्वयन गर्ने,

(ङ) अन्य सरकारी निकायबाट सोही कार्यका लागि अनुदान नलिएको हुनुपर्ने,

(च) यस कार्यविधि र प्रचलित कानूनको पूर्णरूपमा पालना गर्ने,

(छ) मन्त्रालयले सम्झौताका शर्तहरु कार्यक्रमको प्रकृतिका आधारमा आवश्यक थपघट गर्न सक्नेछ ।

१६. **<u>अनुदान भुक्तानी विधिः</u>** (१) मन्त्रालयले सामूहिक उद्यम स्थापना तथा सञ्चालनका लागि छनौंट भएका सहकारी संस्थालाई प्रत्येक आर्थिक वर्षमा बढिमा दुई किस्तामा रकम उपलव्ध गराउनेछ।

(२) उपदफा (१) मा उल्लिखित रकममध्ये शुरुमा बीउपूँजीको रुपमा सम्झौता बमोजिमको रकमको बढीमा पचास प्रतिशतसम्म रकम उपलब्ध गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराइएको अनुदान रकम बाहेकको बाँकी रकम कार्य प्रगति तथा कार्यसम्पन्नताको आधारमा अनुगमन समितिको सिफारिसको आधारमा उपलब्ध गराइनेछ।

(४) सहकारी संस्थाले मन्त्रालय समक्ष भुक्तानी माग देहायका कागजात तथा विवरण पेश गर्नु पर्नेछः-

(क) सामूहिक उद्यम कार्यक्रमका लागि भौतिक पूर्वाधार निर्माण तथा मर्मत गरेकोमा सोको स्वीकृत नक्सा, ड्रइङ, डिजाइन, लागत अनुमानका आधारमा सम्बन्धित प्राविधिकको कार्यसम्पन्नता प्रतिवेदन तथा सोका सक्कल बिल भरपाईहरु,

(ख) कार्यक्रमका लागि खरिद गरिएका मेसिनरी उपकरण तथा प्रविधिको हकमा सम्बन्धित प्राविधिकबाट स्पेशिफिकेशन सहितको जाँच प्रतिवेदन तथा सोको सक्कल बिल भरपाईहरु,

(ग) कार्यक्रमको भौतिक पूर्वाधार निर्माण भएको संरचना, मेसिनरी उपकरण तथा प्रविधिको फोटाहरु,

(घ) सहकारी संस्थाले सामूहिक उद्यम कार्यक्रम कार्यान्वयनबाट प्राप्त आर्थिक तथा वित्तीय कारोवारको विवरण,

(ङ) संस्थाको सञ्चालक समितिले भुक्तानी माग गर्ने निवेदन, सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस,

(च) कार्यक्रममा व्यवसायिक कार्ययोजना बमोजिम आफैले लगानी गर्ने रकम लगानी गरिसकेको प्रमाण कागजात,

(छ) अन्तिम किस्ताको रकम भुक्तानी माग गर्दा सार्वजनिक सुनुवाई गरेको प्रमाण कागजात,

(ज) सम्झौता पत्रमा उल्लिखित तथा मन्त्रालयले तोकेका अन्य कागजातहरु।

(५) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानून बमोजिम कर कट्टि हुने भएमा उक्त रकम कट्टि गरी भुक्तानी गर्नेछ।

(६) मन्त्रालयले भुक्तानी गर्दा अनुगमन समितिको सिफारिस प्रतिवेदनका आधारमा भुक्तानी गर्नेछ।

(७) मन्त्रालयले उपदफा (४) बमोजिम पेश भएका कागजातमध्ये खर्च भएको रकम प्रमाण कागजात बमोजिम अनुदानको सीमाभित्र रही भुक्तानी गर्नेछ।

(८) सम्झौतामा उल्लेख गरिएको अवधिभित्र कार्यसम्पन्न गरी सक्नु पर्नेछ।

तर काबु बाहिरको परिस्थितिको कारण सम्झौता अवधिभित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा आधार र कारण उल्लेख गरी म्याद समाप्त हुनु भन्दा पन्ध्र दिन अगाडी म्याद थपको निवेदन दिनु पर्नेछ र म्याद थप हुने वा नहुने सम्बन्धी निर्णय मन्त्रालयले गर्नेछ।

(९) अनुदान रकमबाट संस्थाले जग्गा खरिद कार्यमा प्रयोग गर्न पाइने छैन।

(१०) मन्त्रालयले प्रदान गर्ने अनुदान रकम प्रशासनिक तथा चालु प्रकृतिका खर्चमा प्रयोग गर्न पाईने छैन।

१७.**सम्झौता रद्द गर्न सकिने**: (१) मन्त्रालयले सामूहिक उद्यम स्थापना तथा सञ्चालनका लागि छनौट भएका सहकारी संस्थासँग देहायका आधारमा सम्झौता रद्द गर्न सक्नेछः-

(क) यस कार्यविधि र सम्झौता विपरितको कार्य गरेमा,

(ख) झुठा विवरण पेश गरेको वा गलत सिफारिसका आधारमा अनुदान लिएको प्रमाणित भएमा,

(ग) अनुगमन प्रतिवेदनबाट प्राप्त पृष्ठपोषणका आधारमा मन्त्रालयले दिएको सुझाव वा निर्देशनलाई पालना नगरेमा,

(घ) यस कार्यविधि अनुरूप सामूहिक उद्यमको स्थापना तथा प्रवर्द्धन नगरेमा,

(ङ) प्रचलित कानून विपरितको कार्य गरेमा।

(२) मन्त्रालयले उपदफा (१) बमोजिमको अवस्था परी सम्झौता रद्द गर्नु पूर्व सामूहिक उद्यम सञ्चालन गर्ने सहकारी संस्थालाई सफाई पेश गर्ने मनासिव मौंका दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम सफाई पेश गर्ने मौंका दिंदा तोकिएको म्यादभित्र सबुत प्रमाण सहित सफाई पेश नगरेमा वा पेश गरेको प्रमाण सन्तोषजनक नभएमा सम्झौता रद्द गर्न सकिनेछ।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

१८.**निर्देशक समितिः** (१) यस कार्यविधि बमोजिम सामूहिक उद्यम स्थापना तथा सञ्चालन कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय अध्यक्ष

(ख) राज्यमन्त्री, मन्त्रालय — सदस्य

(ग) सचिव, मन्त्रालय — सदस्य

(घ) अध्यक्षले तोकेको विषय क्षेत्रगत सम्बन्धित मन्त्रालयको सचिव — सदस्य

(ङ) प्रमुख, महाशाखा, मन्त्रालय — सदस्य सचिव

(२) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क)सामूहिक उद्यम स्थापना तथा सञ्चालन गर्ने जिल्ला तथा स्थानीय तहको छनौट गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ग) प्रस्ताव मूल्याङ्कनका आधार तथा मापदण्ड स्वीकृत गर्ने,

(घ) कार्यक्रम व्यवस्थापन समितिवाट पेश भएका प्रस्ताव स्वीकृत गर्ने,

(ङ) कार्यक्रम व्यवस्थापन समिति तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिने,

(च) सामूहिक उद्यमको अनुगमन गर्ने गराउन,

(छ) कार्यविधिका सम्बन्धमा द्विविधा उत्पन्न भएमा आवश्यक व्याख्या गरी बाधा अड्काउ फुकाउन मन्त्रालय समक्ष सिफारिस गर्ने,

(३) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१९.<u>कार्यक्रम व्यवस्थापन समिति</u>: (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय — अध्यक्ष

(ख) प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय — सदस्य

(ग) प्रमुख, सहकारी दर्ता अधिकारीको कार्यालय — सदस्य

(घ) प्रमुख, महाशाखा, मन्त्रालय — सदस्य सचिव

(२) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कन समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको अध्ययन गरी स्वीकृतिको लागि निर्देशक समितिमा पेश गर्ने,

(ख) आवश्यकता तथा औचित्यताका आधारमा अनुदानको रकमको सीमा निर्धारण गरी निर्देशक समिति समक्ष प्रस्ताव सिफारिस गर्ने,

(ग) प्रस्तावको औचित्य हेरी मूल्याङ्कन प्राथमिकतामा नपरेका प्रस्तावलाई समेत कारण सहित अस्वीकृत गर्ने,

(घ) कुनै वा सबै प्रस्ताव अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन समितिमा फिर्ता पठाउने,

(ङ) कार्यक्रमको आवश्यकताका आधारमा अनुगमन तथा निरीक्षणका लागि टोली खटाउने।

(४) कार्यक्रम व्यवस्थापन समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

२०. **<u>मुल्याङ्कन समितिः</u>** (१) यस कार्यविधि बमोजिम सामूहिक उद्यम स्थापना तथा सञ्चालनको लागि पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौंटको लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, महाशाखा, मन्त्रालय | अध्यक्ष |
| (ख) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (ग) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| (घ) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, कृषि विषय हेर्ने मन्त्रालय | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, उद्योग विषय हेर्ने मन्त्रालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, कानून विषय हेर्ने मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख, सहकारी शाखा, मन्त्रालय | सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विज्ञ/विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्न समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रस्ताव मूल्याङ्कनका आधारहरु निर्धारण गरी निर्देशक समितिबाट स्वीकृत गराउने,

(ख) प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गर्ने,

(ग) प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी छनौंटका लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्ने,

(घ) मूल्याङ्कन गर्दा अनुसूची-७ मा उल्लेख गरिएका मापदण्डका आधारमा गर्ने,

(ङ) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने गराउने।

(४) मूल्याङ्कन समितिले प्रस्ताव मूल्याङ्कन गर्दा यस कार्यविधिका उल्लिखित मापदण्डका अतिरिक्त प्रचलित कानूनमा भएका व्यवस्था समेतका आधारमा मूल्याङ्कन गर्नेछ।

२१. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालयले सहकारी संस्थाले स्थापना तथा सञ्चालन गरेका सामूहिक उद्यमको अनुगमन गर्न प्रदेश सरकार मातहतका सम्बन्धित कार्यालय तथा सम्बन्धित स्थानीय तहको कर्मचारी तथा पदाधिकारी रहने गरी संयुक्त समिति वा आवश्यकतानुसार छुट्टा-छुट्टै कर्मचारी खटाई अनुगमन गर्न गराउन सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि देहाय बमोजिमको एक अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयको तोकेको प्रतिनिधि | संयोजक |
| (ख) | जिल्लास्थित प्रदेश सरकारको सम्बन्धित विषय हेर्ने कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको सम्बन्धित महाशाखा/शाखा प्रमुख | सदस्य |
| (घ) | सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) | मन्त्रालयले तोकेको महाशाखाको कर्मचारी | सदस्य |

(३) मन्त्रालयले अनुगमन गर्दा उपदफा (२) बमोजिमका पदाधिकारी तथा कर्मचारीलाई सम्बन्धित कार्यालय मार्फत सूचना दिनु पर्नेछ।

(४) मन्त्रालयले अनुदान रकम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदनका आधारमा गर्नु पर्नेछ।

(५) अनुगमन समितिले सामूहिक उद्यमको एक आर्थिक वर्षमा कम्तीमा दुई पटक अनुगमन गर्नु पर्नेछ।

## परिच्छेद-४

## <u>विविध</u>

२२.**<u>कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चः</u>** मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेश गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरुका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

२३.**<u>आम्दानी खर्च सार्वजनिक गर्नुपर्ने</u>**: सहकारी संस्थाले मन्त्रालय वा अन्य निकायबाट प्राप्त भएको अनुदान रकमको आम्दानी र खर्च देखिने गरी देहायबमोजिम आम्दानी खर्च सार्वजनिक गर्नु पर्नेछः-

(क) सामूहिक उद्यमका लागि प्राप्त हुने अनुदान रकम, लागत साझेदारीको रकम, कुल लगानी तथा अन्य विवरण सहितको बोर्ड सबैले देख्ने गरी उद्यम सञ्चालन गरिने स्थानमा राख्ने,

(ख) अनुदान रकम खर्च भएको विवरण, कारोबारको अद्यावधिक विवरण मासिक रुपमा आय-व्ययको विवरण सहकारी संस्थाको कार्यालय तथा उद्यम सञ्चालन गरिएको कार्यालयको सूचना पाटीमा राख्ने,

(ग) प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्ने,

(घ) सम्झौतामा उल्लिखित अन्य विषय।

२४.**<u>लेखा तथा लेखापरीक्षणः</u>** (१) सहकारी संस्थाले मन्त्रालयबाट प्राप्त अनुदान रकमको प्रचलित कानून बमोजिम लेखा राखी लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा मन्त्रालयबाट प्राप्त अनुदानको विवरण समावेश भएको हुनु पर्नेछ।

(३) यस कार्यविधि बमोजिम मन्त्रालयबाट अनुदान रकम प्राप्त गरी कार्यक्रम सञ्चालन गरेका सहकारी संस्थाले आगामी तीन आर्थिक बर्षसम्मको वार्षिक कारोबारको लेखापरीक्षण प्रतिवेदन पौष मसान्तसम्म मन्त्रालयमा पेश गर्नु पर्नेछ।

२५.**<u>उद्यम सञ्चालन समितिः</u>** (१) सहकारी संस्थाले स्थापना तथा सञ्चालन गरेको सामूहिक उद्यमलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न सहकारी संस्थाले सात सदस्यीय उद्यम सञ्चालक समिति गठन गर्न सक्नेछ।

(२) उद्यम सञ्चालक समितिको गठन सहकारी संस्थाको साधारण सभाबाट अनुमोदन गर्ने गरी सञ्चालक समितिले गर्नेछ।

(३) सहकारी संस्थाले उद्यम सञ्चालन गर्न उद्यम व्यवस्थापक र अन्य कर्मचारी तथा कामदारको व्यवस्था गर्नु पर्नेछ।

(४) उद्यम सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

(क) उद्यमलाई व्यवस्थित र प्रभावकारी रुपले सञ्चालन गर्ने,

(ख) उद्यम व्यवस्थापन योजना निर्माण गरी सभा/समितिवाट स्वीकृत गराई लागू गर्ने गराउने,

(ग) उद्यमका लागि आवश्यक पर्ने कच्चा पदार्थ खरिद तथा उत्पादित वस्तुको लगत राख्ने,

(घ) उद्यमको आय-व्ययको विवरण अद्यावधिक राख्ने,

(ङ) उद्यम व्यवस्थापनको लागि सरोकारवाला निकायसँग समन्वय गर्ने,

(च) उद्यमका लागि खरिद कच्चा पदार्थ तथा उत्पादित वस्तुको सुरक्षित भण्डारणको प्रबन्ध गर्ने,

(छ) उद्यम क्षेत्रभित्रको सरसफाई तथा सुरक्षाको प्रबन्ध गर्ने,

(ज) सहकारी संस्थाको सञ्चालक समिति तथा सभाबाट तोकिएको अन्य कार्य गर्ने।

२६. **समन्वय गर्न सक्नेः** मन्त्रालयले सामूहिक उद्यम कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय तथा सम्वन्धित स्थानीय तहबीच समन्वय गर्न सक्नेछ।

२७. **अनुदान रकम रोक्का तथा असूल उपर गरिनेः** (१) अनुदान रकम तोकिएका क्षेत्रमा उपयोग नगरेमा, सम्झौता बमोजिम कार्यान्वयन नगरेमा, मन्त्रालय वा अनुगमन समितिले दिएका निर्देशनको पालना नगरेमा मन्त्रालयले अनुदान रकम रोक्का गर्न सक्नेछ।

(२) अनुदान रकम दुरुपयोग गरेको प्रमाणित हुन आएमा दुरुपयोग गरेको अनुदान रकम संस्थाका सञ्चालक समिति तथा सम्बन्धित संस्थाका कर्मचारीको चल अचल सम्पत्तिबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

२८. **कारवाहीको व्यवस्थाः** (१) सहकारी संस्थाले सामूहिक उद्यम स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्दा यस कार्यविधि, मन्त्रालयको निर्देशन तथा सम्झौताका शर्त बमोजिम गर्नु पर्नेछ।

(२) मन्त्रालय एवम् अनुगमन समितिले दिएका निर्देशन तथा प्रचलित कानूनका व्यवस्थाको पालना गर्नु सहकारी संस्थाको कर्तव्य हुनेछ।

(३) अनुगमनको क्रममा सम्झौता बमोजिम नभएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

२९. **<u>बाधा अड्काउ तथा कार्यविधिको व्याख्या:</u>** यस कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सोको निरुपण निर्देशक समितिको सिफारिसमा मन्त्रालयले गर्नेछ र कार्यविधिको व्याख्याको सम्बन्धमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

३०. **<u>अनुसूची हेरफेर गर्न सक्ने:</u>** यस कार्यविधिमा उल्लिखित अनुसूचीहरुमा मन्त्रालयले आवश्यकताको आधारमा हेरफेर र थपघट गर्न सक्नेछ।

३१. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा जुनसुकै कुरा लेखिए तापनि प्रचलित कानूनमा उल्लेख भएको विषयमा सोहि बमोजिम हुनेछ ।

**अनुसूची-१**

**(दफा ९ सँग सम्बन्धित)**

**<u>प्रस्ताव आव्हानको सूचनाको ढाँचा</u>**

प्रथम पटक प्रकाशित मितिः.........................

लुम्बिनी प्रदेश, प्रदेश सरकार, आर्थिक मामिला तथा सहकारी मन्त्रालयको आ.व. ................ को वार्षिक कार्यक्रम अनुसार प्रदेश अन्तर्गतका ...................... जिल्ला.............गा.पा./न.पा.मा सामूहिक उद्यम स्थापना तथा सञ्चालनको लागि ईच्छुक सहकारी संघ/संस्थाहरुबाट रु. ............ र मन्त्रालयको अधिकतम रु. ............................लगानी साझेदारीमा कार्यक्रम सञ्चालनका लागि यो सूचना प्रकाशन भएको मितिले .............. दिनभित्र यस मन्त्रालय वा ....................निकाय/कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रमको व्यवसायिक कार्ययोजना, संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको Website: moeap.lumbini.gov.np बाट प्रप्त गर्न सकिनेछ।

## अनुसूची-२

## (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने कागजात

(१) संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि,

(२) संस्थाको स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपि,

(३) पछिल्लो तीन आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(४) करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि,

(५) सञ्चालकहरू तथा प्रमुख व्यवस्थापकको वैयक्तिक विवरण,

(६) प्रमुख व्यवस्थापकको प्रतिवद्धता-पत्र,

(७) सहकारीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि,

(८) सहकारीले गर्ने कार्यक्रमको व्यवसायिक कार्ययोजना,

(९) संस्थाले लगानी गर्ने स्रोत खुल्ने कागजात तथा सुनिश्चितता,

(१०) सामूहिक उद्यम स्थापना हुने स्थानको लागि सम्बन्धित स्थानीय तहको सिफारिस,

(११) कार्यक्रम सञ्चालनका लागि घरजग्गाको विवरण खुल्ने कागजात,

(१२) सम्पर्क व्यक्तिको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र सम्पर्क नम्वर,

(१३) प्रारम्भिक सहकारी संस्थाको हकमा तराईमा न्यूनतम २०० र पहाडमा न्यूनतम १०० सेयर सदस्य संख्या भएको प्रमाण,

(१४) सामूहिक उद्यम सञ्चालनका लागि घरजग्गा हुनुपर्ने वा लिजमा लिएको भए कम्तीमा १० वर्षको घरजग्गा धनीसँगको सम्झौता-पत्र,

(१५) सामूहिक उद्यम स्थापना तथा सञ्चालनका वातावरणीय अध्ययन/परीक्षण आवश्यक पर्ने भएमा सोको स्वीकृत प्रतिवेदन,

(१६) सामूहिक उद्यम सञ्चालनका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट अनुमति/स्वीकृति आवश्यक पर्ने भएमा सोको अनुमति/स्वीकृत पत्र,

(१७) विनियमको प्रतिलिपि,

(१८) लगानी गर्ने प्रतिवद्धता सहितको कबुलियतनामा (लगानी गर्ने प्रतिबद्धता जनाएको बैंक पत्र वा बैंकमा संस्थाको नाममा भएको बैंक मौज्दातको स्टेटमेन्ट वा अन्य प्रमाण)।

(१९) संस्थाको तर्फबाट गरिने लगानी, जिम्मेवारी र जोखिम बहन गर्ने प्रत्याभूति गर्ने सञ्चालक समितिको निर्णय।

(२०) निर्माण गरिने पूर्वाधारहरूको ईन्जिनियरिङ/प्राविधिक डिजाइन तथा लागत अनुमान।

## अनुसुची-३

## (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

## प्रस्ताव पेश गर्ने निवेदन-पत्रको ढाँचा

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय,
लुम्विनी प्रदेश, मुकाम, बुटवल।

विषयः- सामूहिक उद्यम स्थापना तथा सञ्चालनको लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।

हाम्रो ......................................................... सहकारी संस्थाबाट ....................... जिल्ला, ............................म.न.प./उप.म.न.पा./न.पा./गा.पा.,........वडा नं.अन्तर्गत............... ............ स्थानमा सहकारी सामूहिक उद्यम स्थापना तथा सञ्चालन गर्ने लक्ष्य रहेकोले सोको लागि अनुमानित लागत रकम रु.................मध्ये रु ...................... सहकारीको तर्फबाट व्यहोरी बाँकी रकम रु...................अनुदान पाउने व्यवस्थाका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो प्रस्ताव पेश गरेका छौं।

............................

निवेदकको

नामः

पदः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

सहकारी संस्थाको नामः

सहकारी संस्थाको छापः

अनुसूची-४

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**व्यवसायिक कार्ययोजनाको ढाँचा**

**१. परिचयात्मक विवरणः**

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२. **सहकारी संघ/संस्थाको किसिम** : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) बहुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (.........................)

**३. सहकारी संघ/सस्थाको शेयर सदस्य सङख्या.........................**

**४. प्रस्तावित कार्यक्रमको नाम :-**

**५. उद्यम सञ्चालनको लागि जग्गाको विवरण: ............................रोपनी तथा कठ्ठा क्षेत्रफल**

**६. जग्गा भाडामा लिएको भए: ................................वर्षको सम्झौता भएको**

**७. उद्यम सञ्चालानको उद्देश्य..................................................................**

८. **उद्यम स्थापना/सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-**

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |
| ३ | सञ्चालन खर्च | | | | | | |
| ३.१ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**९. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-..........................................................**

**१०. उद्यमले पार्ने सकरात्मक प्रभावः ..................................................................**

**...........................................................................................................................................**

**११. उद्यम सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या ..................................**

**१२. आवेदक सघ/संस्थाको पूँजीको विवरणः**

| शेयर पूँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

**१३. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम..............................................**

**१४. उद्यम सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................**

१५. **उद्यम सञ्चालन गर्न सक्ने आवश्यक जनशक्ति छ** ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.......................

१६. प्रस्तावित उद्यम स्थापना तथा संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक स्रोतहरु | | | |
| २ | जलाशय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वतावरणीय प्रभाव मूल्याङ्कन | | | |

**१७. उद्यम सञ्चालनका जोखिमहरु के छन्? यदि भए समाधानका उपायहरु के के हुन सक्छन् ?**

-
-

**१८. कार्यक्रमसम्वन्धी संक्षिप्त विवरण**

**१९. आवश्यकता र औचित्य**

**२०. बजारको पहुँच**

**२१. कच्चा पदार्थ प्राप्त हुन सक्ने सम्भाव्यता**

**२२. उद्यमबाट उत्पादित बस्तुको बिक्रीको लागि बजार योजना**

**२३. संरचनाको अवस्था र नक्सा सहित**

२४. **संरचना निर्माणमा लाग्ने अनुमानित खर्च**

(क) कच्चा पदार्थ खरिदमा लाग्ने खर्च

(ख) सञ्चालन लागत

(ग) जम्मा अनुमानित लागत

(घ) वार्षिक आम्दानी खर्चको विवरण

२५. **सारांश (कार्यक्रमको औचित्यता र उपादेयता झल्किने)** :

(क) ...........................

(ख) ..............

(ग) .......

**२६. अन्य भएमा थपः**

## अनुसूची-५

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

**<u>प्रतिवद्धता-पत्रको ढाँचा</u>**

आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशको को मिति .............................. मा प्रकाशित सूचना अनुसार सामूहिक उद्यम कार्यक्रमका लागि अनुदानको ब्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको प्रस्ताव/आवेदन पेश गरेको छु/छौं। उक्त कार्यक्रममा छनौंट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी न्यूनतम .....वर्षसम्म निरन्तरता दिनेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य बन्द गरेमा मन्त्रालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

सहकारीको नामः

ठेगानाः

दस्तखतः

मितिः

सहकारीको छापः

इति सम्वत् २०.............गते ...................रोज ...............शुभम्।

# अनुसूची-६

(दफा ११ को उपदफा (२) सँग सम्बन्धित)

## प्रारम्भिक मूल्याङ्कन/स्थलगत प्रमाणीकरण फारामको ढाँचा

**१. परिचयात्मक विवरणः**

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२. **सहकारी संघ/संस्थाको किसिम** : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) बहुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (........................)

३. सहकारी संघ/सस्थाको शेयर सदस्य सङ्ख्या.........................

४. प्रस्तावित कार्यक्रमको नाम :-

५. उद्यम सञ्चालनको लागि जग्गाको विवरण: ............................रोपनी/कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भएः ...............................वर्षको सम्झौता भएको

७. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-..........................................................................................................................................

८. उद्यमले पार्ने सकरात्मक प्रभावः ...............................................................

९. उद्यम सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या.................................

१०. आवेदक संघ/संस्थाको पूँजीको विवरणः

| शेयर पूँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

११.सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम...............................................

१२.उद्यम सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ..............................

१३.उद्यम संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.......................

१४. प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने स्थानको वातावरणीय अवस्था

| क.सं. | बिबरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | बन,जङ्गल/बन्यजन्तु/अन्य प्राकृतिक श्रोतहरु | | | |
| २ | जलाशय (नदी,तलाउ,पोखरी) | | | |
| ३ | राष्ट्यि निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१५.उद्यम सञ्चालनका जोखिमहरु के छन्?

..............................................................

१६.कार्यक्रमलाई सहज बनाउन आवश्यक सुझाव ?

........................................

१७. प्रस्ताव पेश गर्दा भरिएको बिवरणहरुको सम्बन्धमा

- दुरुस्त पाईएको
- सामान्य फरक देखिएको
- फारममा पेश गरेको **वि**वरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मुल्यांकन टोलीले के के बिषयहरुमा कमी कमजोरी पाईएको हो सो कुरा खुलाउनु पर्नेछ र यस्तो प्रस्ताव मुल्यांकनमा समाबेश हुनै छैन ।

१८. सिफारिस

उक्त सामूहिक उद्यमका प्रस्तावको स्तरको बारेमा निश्कर्ष:

| सि.नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

* सामूहिक उद्यमसँग सम्बन्धित कुनै कागजात, स्थानीय समुदायसँग भएको वार्तालापको विवरण, उद्यमसँग सम्बन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण:

नाम थर: पद: दस्तखत:मिति                    नाम थर: पद: दस्तखत: मिति:

## अनुसूची-७

(दफा १२ को उपदफा (१) सँग सम्बन्धित)

**<u>मूल्याङ्कनका आधार तथा मापदण्ड</u>**

१. सहकारीको नाम:

२. ठेगाना :

३. सम्पर्क ब्यक्तिको नाम:

४. सम्पर्क नं.:

कार्यक्रम छनौटका लागि उपक्षेत्रको विषयः

| क.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यावसायिक योजना | १५ | | |
| २ | स्थानीय स्रोत साधन तथा कच्चा पदार्थको उपयोग | १० | | |
| ३ | संस्थाको आर्थिक लगानीको सुनिश्चितता | १५ | | |
| ४ | थप रोजगारी सिर्जना र गरिवी निवारणमा योगदान | २० | | |
| ५ | उत्पादित बस्तुको बजार योजना | १० | | |
| ६ | मानवीय स्रोतको अवस्था | १० | | |
| ७ | भौतिक पूर्वाधार (सिचाइ,सडक, विद्युत आदिको उपलब्धता) | १० | | |
| ८ | भौगोलिक तथा वातावरणीय दृष्टिकोणले उपयुक्तता | १० | | |
| | जम्मा | १०० | | |

## अनुसूची-८

(दफा १४ को उपदफा (२) सँग सम्बन्धित)

**सम्झौता-पत्रको ढाँचा**

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लम्बिनी प्रदेश मार्फत सञ्चालन गरिने आ.व................ को स्वीकृत सामूहिक उद्यम स्थापना तथा सञ्चालन गर्ने ........................................(यस पछि पहिलो पक्ष भनिएको) र विशिष्टताका आधारमा छनौट भएका सहकारी संस्था ..........................(यस पछि दोस्रो पक्ष भनिएको)बीच तपसिलका शर्तनामाहरु लागू हुने गरी कार्यक्रम सम्पन्न गर्न सम्झौता गरी एक/एक लियौं/दियौं।

१. यो सम्झौता पत्र..........................(पहिलो पक्ष) र............... (दोस्रोपक्ष)बीच सामूहिक उद्यम कार्यक्रम सहयोगका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले .... दिन भित्र शुरु गर्नु पर्नेछ।

४. सम्झौता भएको ............. भित्र यो कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ।

५. सामूहिक उद्यम कार्यक्रम सञ्चालनका लागि पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट.........प्रतिशत बीउपूँजी वापतको रकम.........र कार्यक्रम सम्पन्नताको आधारमा बढिमा दुई किस्तामा मात्र उपलब्ध हुनेछ।

६. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा अनुगमन समितिको सिफारिसको आधारमा गरिनेछ।दोस्रो पक्षले कार्यक्रम सञ्चालन गर्दा सम्झौता तथा मन्त्रालयको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ।

७. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा मूल्याङ्कनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले पहिलो पक्षसँग अनुरोध गर्नु पर्नेछ र पहिलो पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भएको ....दिनभित्र भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

८. यस कार्यक्रम सञ्चालनको कूल लागत रु...................... मध्ये पहिलो पक्षले रु................... र दोस्रो पक्षले रु...................... व्यहोर्नु पर्नेछ।

९. सामूहिक उद्यम स्थापना तथा सञ्चालन पश्चात उक्त उद्यमको स्याहार सम्भारको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

१०. यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी उद्यम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

११. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाइएमा पहिलो पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडी बढाउने छ।

१२. पहिलो पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

| | |
|---|---|
| .......................... | ............................ |
| पहिलो पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | साक्षीहरु |

मितिः २०........साल...............महिना...........गते ...........रोज शुभम्।